'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Honours 3rd Semester Examination, 2021

## CC6-NEPALI

Time Allotted: 2 Hours | Full Marks: 60

*The figures in the margin indicate full marks.*

### समूह-क

1. तलका कुनै <u>चारवटा</u> प्रश्नका उत्तर लेख्नुहोस्। 3×4 = 12

(क) पहिलो आधुनिक नेपाली कथा कुन हो ? यसका कथाकार को हुन् ? यो कहिले र कुन पत्रिकामा छापिएको थियो ?

(ख) रूपनारायण सिंहको कथा सङ्ग्रहको नाम के हो ? उक्त सङ्ग्रहमा कतिवटा कथाहरू सङ्गृहित छन् ? तीमध्ये तपाईँलाई मनपर्ने तीनवटा कथाको नाम लेख्नुहोस्।

(ग) मनोवैज्ञानिक कथा भन्नाले के बुझिन्छ ? नेपाली मनोवैज्ञानिक कथाको थालनी गर्ने कथाकार को हुन् ? उनका दुईवटा कथा सङ्ग्रहको नाम लेख्नुहोस्।

(घ) हायमनदास राई 'किरात'ले स्थापना गरेका पुस्तक प्रकाशन संस्थाको नाम के हो ? यो कहिले स्थापित भएको थियो ? यस संस्थाबाट प्रकाशित तीनवटा पुस्तकको नाम लेख्नुहोस्।

(ङ) 'टोटलाको फूल' कथाका प्रमुख चरित्रहरूको नाम लेख्नुहोस्। यस कथामा कुन क्षेत्रको परिवेश चित्रण गरिएको छ ? कथावस्तुका आधारमा यसलाई कस्तो कथा भन्न सकिन्छ ?

(च) 'चेन्नी' कथाले दिन चाहेको सन्देश के हो ? स्पष्ट पार्नुहोस्।

### समूह-ख

2. तलका कुनै <u>चारवटा</u> विषयमाथि टिप्पणी लेख्नुहोस्। 6×4 = 24

(क) सामाजिक कथाकारका रूपमा शिवकुमार राई।

(ख) 'चौकीदार' कथाको मूलभाव।

(ग) 'सन्तोष बाबुको डायरीमाथि'कथाको कथावस्तु।

(घ) 'मेरो एउटा नागा हुकी' कथाको केन्द्रीय भाव।

(ङ) 'धनमतीको सिनेमा स्वप्न' कथाकी नायिका धनमती।

(च) कथाकार सुख नमको कथाकारिता।

## समूह-ग

3. तलका कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस्। 12×2 = 24

(क) नेपाली कथा साहित्यमा गुरुप्रसाद मैनालीको योगदानबारे चर्चा गरी 'परालको आगो' कथामा चित्रित ग्राम्य जीवनको परिचर्चा गर्नुहोस्।

(ख) इन्द्रबहादुर राईको कथा प्रवृत्ति चिनाएर 'रातभरि हुरी चल्यो' कथाको समीक्षा गर्नुहोस्।

(ग) मनोवैज्ञानिक कथाकारका रूपमा भवानी भिक्षुलाई चिनाउँदै उनको 'मैयाँ साहेब' कथाको विवेचना गर्नुहोस्।

(घ) रूपनारायण सिंहको कथाकारिता चिनाएर 'धनमतीको सिनेमा स्वप्न' कथाको विश्लेषण गर्नुहोस्।

——×——